आज मिति २०८२।०५।०८ गते (ने.स.११४५ ञंलाथ्व पारु) आइतबारका दिन विहान ०८:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |

<u>निर्णयहरु</u>

**निर्णय नं. १.** मिति २०८२ श्रावण १६ गतेको कार्यपालिकामा भएका निर्णयहरुको कार्यन्वयनको स्थितीको समिक्षा गरियो ।

**निर्णय नं. २.** आ.व. २०८१/०८२ को वार्षिक बजेटको कार्यन्वयन, प्रगतीको अवस्था, कार्यन्वयनको समस्याहरु सुधारका उपायहरुको विषयमा वार्षिक प्रगती समिक्षा गरियो । पुँजीगत खर्च कम हुनुमा जग्गा प्राप्तीको समस्या मुख्य रुपमा रहेको पाईयो भने ठेक्कामा रहेका योजनाहरुको कार्य प्रगतीलाई तिब्रता दिनुपर्ने देखियो, उपभोक्ता समितिहरुबाट सम्पन्न हुने आयोजनाहरुको कार्यन्यवनको स्थिति सन्तोषजनक रहे पनि समय मै काम सकेर भुक्तानी लिने परिपाटीको विकास गर्नुपर्ने देखियो । विषतगत शाखाबाट सञ्चालन हुने आयोजनाहरु तथा कार्यक्रमहरुको कार्यन्वयनको अवस्था राम्रो रहे तापनि वार्षिक खरिद योजनाको पालना गरी कार्य गर्नुपर्ने देखियो ।

**निर्णय नं. ३-** गण्डकी प्रदेश लोक सेवा आयोगको मिति २०८२/०४/२१ ,च.नं. ६१ को पत्रबाट गाउँपालिकामा रिक्त रहेको स्थानीय प्रशासन सेवा, सातौं तह, प्रशासकीय अधिकृत पदमा सिफारिस भई आउनु भएका श्री दिलिप कुमार महतरा (डोल्पा जिल्ला सर्केकोट गाउँपालिका वडा नं. २) लाई उक्त पदमा मिति २०८२/०४/२७ गते देखि जेष्ठता कायम हुने गरी नियुक्ती दिने ।

**निर्णय नं. ४.** वडा नं. ७ महभिरमा रहेको महभिर झरनामा क्यान्टिन सञ्चालनको लागि पुर्वाधार निर्माण गरी निश्चित अवधी सम्म क्यान्टिन तथा तोकिएको दरमा प्रवेश शुल्कको व्यवस्था गर्न सक्ने ईच्छुक व्यक्ति, संस्था, फर्म, कम्पनीलाई सार्वजनिक नीजि साझेदारी मोडेलमा आफैले पुर्वाधार निर्माण गर्ने सञ्चालन गर्ने र बढीमा १० वर्ष पछि गाउँपालिकालाई हस्तान्तरण गर्ने (Build-Operate-Transfer = BOT) गरी परियोजना सञ्चालन गर्न चाहने ईच्छुकबाट निवेदन आव्हान गर्ने ।

**निर्णय नं. ५-** सर्वोच्च अदालतको रिट नं. ०८२-WO-००४३ मिति २०८२\०४\१६ को "आदेशको प्रतिलिपि सहित सूचना म्याद पठाएको" भन्ने पत्र प्राप्त भएकोले गाउँ पालिकाको तर्फबाट मिति २०८२\०५\०३ गते देखि १५ दिन भित्र लिखित जवाफ सहित पेश हुन वरिष्ठ अधिवक्ता श्री हरि प्रसाद शर्मालाई आधिकारिक प्रतिनिधी तोक्ने

**निर्णय नं. ६-** कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी — २०८२ स्वीकृत गर्ने ।

निर्णय नं. ७- पशु पंक्षि विकास तथा पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधी — २०८२ स्वीकृत गर्ने

निर्णय नं. ८- वडा नं. २ भुरुङ्ग तातो पानी कुण्डमा पुर्वाधार निर्माण गर्न जग्गा प्राप्तिको समस्या भएकोमा गाउँपालिकाका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा जग्गा धनीहरुसंग मिति

२०८२\०४\२० गतेको निर्णय अनुसार गाउँपालिका र जग्गा धनीहरु बिच भएको सहमती र निर्णय अनुसार दुवै पक्षद्वारा स्वीकार गरिएका प्रतिबद्धताहरु कार्यन्वयन गर्ने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत